प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

फोन नं.: ०३५-४२२१३०,४२२२६३
Email: akcudaypur@gmail.com
Website: udayapur.akc.gov.np

पत्र सख्या :२०७९/८०

**सूचना । सूचना ॥ सूचना ॥।**

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७९/११/२२ गते**

कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन,२०७७ नियमावली, २०७८ र कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८** मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न उदयपुर जिल्ला भित्रका रीतपुर्वक आधिकारीक रुपमा दर्ता भएका हाल सम्म कुनै पनि कृषि तथा पशुपंक्षि विकास कार्यक्रमवाट लाभ लिन नसकेका इच्छुक कृषक, कृषि फर्म, निजी कृषि उद्यमी कृषि सहकारी संस्था, कृषक समूहहरुले आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा २०७९/१२/०६ (१५ दिन भित्र) सम्म तोकिएको अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्पूर्ण कृषक महानुभावहरुमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । रीत नपुगेका र म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि. नं. | आयोजना/ क्रियाकलापको विवरण | ईकाइ | कार्यक्रम संख्या | आयोजनाको अधिकतम साझेदारी रकम | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु |
|---|---|---|---|---|---|
| १. | मागमा आधारित कार्यक्रम | संख्या | १९ | कुल लागतको अधिकतम ७५% वा बढीमा रु. ५० हजार | १. हाल सम्म कुनै पनि कृषि तथा पशुपंक्षि विकास कार्यक्रमवाट लाभ लिन नसकेको |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आबेदन र प्रस्तावित कार्ययोजना ।
२. कृषि सहकारी संस्था, कृषक समूह कृषि फर्मको हकमा प्रचलित कानुन अनुसार आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।
३. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।
४. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन ।
५. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
६. आवेदक व्याक्ति/संस्थाका सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
७. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।
८. जग्गा धनी पुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।
९. सम्बन्धित विषयमा प्राविधिक ज्ञान भए सो को प्रतिलिपी ।
१०. आवेदकले विगत ३ आ.व भित्र अन्य कुनै पनि निकायबाट कृषि सम्वन्धी अनुदान नलिएको वा नलिने स्वःघोषणा पत्र ।
११. लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।
१२. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
१३. प्रस्तावना निवेदन दस्तुर व्याक्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र, उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२२२६३/४२२१३० वा ९८४२२५७६२१ मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशको वेवसाईट **www.molmac.p1.gov.np** वा कृषि विकास निर्देशनालयको वेबसाइट **www.doad.p1.gov.np** वा कृषि ज्ञान केन्द्र उदयपुरको वेबसाइट **udayapur.akc.gov.np** बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८" डाउनलोड गर्न सकिनेछ ।

योगेन्द्र यादव
निमित्त प्रमुख